# कथाका प्रकारहरू

## पाठ ३ सबैको निम्ति क्रियाकलापहरू

library NEPAL

कथाहरू धेरै प्रकारका हुन्छन् । यो सत्रमा तपाईंले विभिन्न प्रकारका कथाहरू र ती कथाहरूलाई के कुराले फरक पार्दछ भन्ने कुरा सिक्नुहुनेछ ।

१. समूहमा, तपाईंले सकेसम्म कथाका प्रकारहरूको नाम भन्ने प्रयास गर्नुहोस् । तिनीहरूको सूची बनाउनुहोस् ।

> उदाहरणको लागि
> - देवी र देवताहरूको बारेमा लेखिएका कथाहरू
> - इतिहाससम्बन्धी
> - प्रकृतिसम्बन्धी
> - मानिसहरूसम्बन्धी
> - जनावरहरूसम्बन्धी

२. दुईजनाको समूहमा काम गर्नुहोस् । क्रियाकलाप १ मा तपाईंले बनाउनु भएको कथाका प्रकारसँग मेल खाने किसिमका पुस्तकहरूको सूची बनाउनुहोस् । तपाईंले पत्ता लगाउनुभएका कुराहरूको अरूलाई बताउनुहोस् ।

३. **दन्त्य कथा** कथाको एउटा प्रकार हो ।

यी कथाहरूले पाठकहरूलाई जीवनको बारेमा शिक्षा दिन्छन् र कसरी व्यवहार गर्ने भन्ने कुरा सिकाउँछन् ।

कहिलेकहिँ यसका पात्रहरू जनावरहरू हुन्छन् । के तपाईंलाई कुनै दन्त्य कथा थाहा छ?

समूहमा, तपाईंको आफ्नै दन्त्य कथा बनाउनुहोस् । खाली कागजका पानाहरू उपलब्ध छन् भने त्यो कथालाई लेख्न सक्नुहुन्छ र पुस्तकालयमा राख्न सक्नुहुन्छ । तपाईंको दन्त्य कथाको शिक्षा के हो बताउन सक्नुहुन्छ?

> तपाईंले पुस्तकालयका नियमहरूको बारेमा दन्त्य कथा बनाउन सक्नुहुन्छ , उदाहरणको लागि:
> *एउटा सानो खरायोले पुस्तकालयबाट पुस्तक चोर्‍यो र त्यस पुस्तकका पानाहरू चपायो ।* पछि, उसको पेट नराम्ररी दुख्यो । शिक्षा: पुस्तकलाई होसियारीसँग चलाउनुपर्छ ।

४. सानो समूहमा काम गर्नुहोस् । क्रियाकलाप १ बाट कुनै एक प्रकारको कथा छान्नुहोस् ।

त्यस्तो प्रकारको कथामा मिल्ने किसिमको कथा सृजना गर्नुहोस् ।

खाली कागजहरू उपलब्ध छन् भने, त्यो कथालाई लेख्न सक्नुहुन्छ ।

> समूहलाई काम गर्न कठिन भयो भने, तरिका सिक्नको निम्ति विद्यार्थीहरूले पुस्तकालयमा किताबहरूको कलेवर हेर्न सक्छन् ।

त्यसपछि, उनीहरूले तल दिइएका क्रियाकलापहरू गर्न सक्नेछन्:

- समूहका बाँकी सदस्यहरूलाई कथा सुनाउन सक्छन्
- कथालाई नाटकमा रूपान्तर गरेर देखाउन सक्छन्

elektra media Published by Elektra Media Ltd

Istambha Nepal